राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरीया , देउखुरी,दाङ                    लुम्बिनी प्रदेश नेपाल

पत्र सं          चलानी नं                                        मितिः

## हाम्रो राप्ती पाठ्यपुस्तक छपाई तथा आपूर्तिका लागि वोलपत्र आव्हान सम्वन्धी सूचना

### ठेक्का नं NCB No.: RRM/NCB/G/26/2082/083

प्रथम पटक प्रकाशित मिति २०८२ फागुन १३ गते

राप्ती गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार कक्षा १ देखि ८ सम्मको हाम्रो राप्ती नामक स्थानीय पाठ्यपुस्तकको स्वीकृत स्पेशिफिकेशन बमोजिम छपाई गरी आपूर्ति गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ता/नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१.पाठ्यपूस्तक छपाई कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन बमोजिम भएको हुनुपर्नेछ।
२.ठेक्का लिन ईच्छुक फर्मले बोलपत्र दस्तुर रु ३०००/-(पछि फिर्ता नहुने गरी ) बुझाई कार्यालयबाट बोलपत्र खरिद गर्नुपर्नेछ।
३.बोलपत्र खरिद गर्ने अन्तिम म्याद २०८२ चैत्र १२ गते कार्यालय समय र बोलपत्र दर्ता गर्ने अन्तिम म्याद म्याद २०८२ चैत्र १५ गते मध्यान्ह १२ बजे सम्म रहेको छ। पेश भएका बोलपत्रहरु सोही दिन ३ बजे खोलिनेछ।
४.आफूले कबोल गरेको अंकको कम्तिमा ५ (पाँच) प्रतिशत रकम बोलपत्र जमानत पेश गर्नुपर्नेछ। नगद धरौटी ( बोलपत्र जमानत ) राख्नुपर्ने भएमा सो रकम यस राप्ती गाउँपालिकाको कार्यालयको नाममा ग्लोबल आईएमई बैंक भालुबाङ शाखा, स्थित धरौटी खाता नं. **34001010000004** मा नगदै जम्मा गरेको वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० ( एक सय विस) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।
५.छपाई सामाग्री राप्ती गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम बमोजिमको पाठ्यपूस्तक हुनेछ भने सो छपाईको अन्तिम प्रारुप CRC र संसोधित बिषयबस्तुको स्वीकृति कार्यालयबाट प्राप्त भएपछि छपाई कार्य प्रारम्भ गर्नुपर्नेछ। साथै छपाई पश्चात कार्यालयको आदेश अनुसार राप्ती गापाका बिद्यालयहरु सम्मको सम्मको ढुवानीको ब्यवस्था ठेक्का लिने फर्मले नै गर्नुपर्नेछ।साथै कागजको नमुना पेश गर्नुपर्नेछ।
६.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।
७.यस सम्बन्धमा बिस्तृत जानकारीको लागि यस गाउँपालिकाको वेवसाईट www.raptimundang .gov.np मा हेर्नु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

Email : info@raptimundang.gov.np//raptiruralmunicipality@gmail.com
Website : http://raptimundang.gov.np
hello: 81/80/413077-082